(दफा ४ तथा अनुसूची-१ को भाग-२ सँग सम्बन्धित)

# स्थानीय राजपत्र

खण्डः-५ सङ्ख्याः-५ मितिः-२०७८।०६।०७

भाग-२

पौवादुङमा गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

च्याङ्ग्रे ,भोजपुर

**प्रस्तावनाः**

पौवादुङमाबासीको स्वास्थ्य सेवामा प्रभावकारी पहुँच सुनिश्चित गर्नका लागि फार्मेसी विषयका दक्ष जनशक्ति मार्फत गाउँपालिकाको आधारभूत अस्पतालबाट आफ्नै फार्मेसी सेवा सञ्चालन गरी विरामी एवं सेवाग्राहीहरुलाई सुलभ एवं गुणस्तरीय सेवा पुर्‍याउन संघीय सरकारको अस्पताल फार्मेसी सेवा निर्देशका, २०७२ समेतलाई आधारमानी पौवादुङमा गाउँपालिकाको प्रशासकीय कार्यबिधि नियमित गर्ने ऐन, २०७५ को दफा ४.(१) को अधिकार प्रयोग गरी पौवादुङमा गाउँपालिकाले देहायको निर्देशिका बनाएको छ।

## परिच्छेद-१
## प्रारम्भिक

**१. संक्षिप्त नाम, विस्तार र प्रारम्भः**

१) यस निर्देशिकाको नाम **"पौवादुङमा गाउँपालिका आधारभूत अस्पताल फार्मेसी सेवा सञ्चालन निर्देशिका, २०७८"** रहने छ।

२) यो निर्देशिका पौवादङमा गाउँपालिका भित्र लागु हुनेछ।

३) यो निर्देशिका प्रमाणिकरण भई पौवादुङमा राजपत्रमा प्रकाशन भए पश्चात प्रारम्भ हुनेछ।

## परिच्छेद-२
## परिभाषा

**२. परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(१) **"शाखा"** भन्नाले पौवादुङमा गाउँपालिकाको स्वास्थ्य तथा सरसफाई शाखा सम्झनु पर्दछ।

(२) **"अस्पताल"** भन्नाले नेपाल सरकार वा स्थानीयय सरकारको पुर्ण वा आंशिक स्वामित्व वा नियन्त्रणमा रहेको वा विकास समिति ऐन, २०१३ र स्थानीय तह स्वास्थ्य संस्था दर्ता अनुमती तथा नवीकरण सम्बन्धी निर्देशिका, २०७७ बमोजिम सरकारी अस्पताल एवं स्वास्थ्य संस्थाहरु सम्झनु पर्दछ।

(३) **"फार्मेसी सेवा"** भन्नाले आधारभूत अस्पतालहरुमा सञ्चालनमा रहेका र सञ्चालन गरिने औषधि तथा औषधिजन्य पदार्थ वा सामाग्रीबाट दिइने सेवा सम्झनु पर्दछ।

(४) **"समिति"** भन्नाले दफा ३ बमोजिम गठित अस्पताल फार्मेसी तथा थेराप्युटिक समिति सम्झनु पर्दछ।

(५) **"अस्पताल फर्मुलरी"** भन्नाले अस्पतालमा प्रयोग हुने औषधि तथा औषधिजनन्य पदार्थ वा सामाग्रीहरुको विवरण पुस्तिका सम्झनु पर्दछ।

(६) **"गाउँपालिका"** भन्नाले पौवादुङमा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय सम्झनु पर्दछ।

## परिच्छेद-३
## आधारभूत अस्पताल फार्मेसी तथा थेराप्युटिक समिति तथा समिति सम्बन्धि व्यवस्था

**३. अस्पताल फार्मेसी तथा थेराप्युटिक समितिः-** अस्पतालमा औषधी तथा औषधीजन्य पदार्थ वा सामाग्रीहरुबाट दिइने सेवा व्यवस्थित एवं प्रभावकारी रुपमा सञ्चालन गर्न गराउन देहाय बमोजिमको अस्पताल फार्मेसी तथा थेराप्युटिक समिति गठन हुनेछ।

| | |
|---|---|
| (क) आधारभूत अस्पताल सञ्चालक समितिको संयोजक | - अध्यक्ष |
| (ख) अस्पतालका चिकित्सक प्रमुख | - सदस्य |
| (ग) अस्पतालको नर्सिङ विषय हेर्ने प्रमुख | - सदस्य |
| (घ) अस्पताल फार्मेसी प्रमुख | - सदस्य-सचिव |

**४. समितिको काम, कर्तव्य र अधिकरः-** समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

(क) अस्पताल फार्मेसीमा राखिने औषधी र औषधीजन्य पदार्थ वा सामाग्रीको सूची निर्धारण गर्ने।

(ख) आवश्यकता अनुसार औषधी वा औषधिजन्य पदार्थको सामाग्रीको उत्पादक एवं आपुर्तिकर्ताहरुको पुर्वयोग्यता निर्धारण गर्ने,

(ग) गुणस्तरको विश्वासनियताको आधारमा कुनै खास ब्राण्ड स्वीकृत वा अस्वीकृत गर्ने।

(घ) अस्पताल फर्मुलरीको स्वीकृत दिने वा थपघट गर्ने।

(ङ) औषधीको प्रतिकुल प्रभाव (Adverse Drug Reaction) को अनुगमन गर्ने।

(च) अस्पतालबाट प्रदान गरिने उपचार सेवा सम्बन्धी निर्देशिका बनाउने।

(छ) अस्पताल फर्मुलरीमा आधारित औषधीको सूची सहितको प्रेस्क्रिप्सनको ढाँचा तयार गर्ने।

(ज) अस्पताल फार्मेसीको समय समयमा निरीक्षण, अनुगमन गर्ने ।

(झ) अस्पताल फार्मेसी सेवा सञ्चालन सम्बन्धी विषयमा शाखाको निर्देशन कार्यान्वयन गर्ने गराउने ।

**५. समितिको बैठक सम्बन्धी व्यवस्था:-** (१) समितिको बैठक कम्तीमा प्रत्येक दुई महिनामा बस्नेछ ।

(२) समितिको बैठक बस्नुभन्दा कम्तीमा अढचालीस घण्टा अगावै सदस्य सचिवले सबै सदस्यहरुलाई बैठकको कार्यसुची उपलब्ध गराउनु पर्नेछ ।

(३) समितिको कुल सदस्य संख्याको पचास प्रतिशत भन्दा बढि सदस्यहरु उपस्थित भएमा समितिको बैठकको लागि गणपुरक संख्या पुगेको मानिनेछ ।

(४) बैठकको अध्यक्षता समितिको अध्यक्षले गर्नेछ ।

(५) समितिको बैठकको निर्णय उपस्थित सदस्यको बहुमतबाट हुनेछ । मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिनेछ ।

(६) समितिको बैठकको निर्णय समितिको सदस्य-सचिवले प्रमाणित गर्नेछ ।

(७) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

**६. आधारभूत अस्पताल फार्मेसी सञ्चालन समिति:-**

(१) अस्पताल फार्मेसी व्यवस्थित रुपमा सञ्चालन गर्न गराउन देहाय बमोजिमको फार्मेसी सञ्चालन समिति गठन हुनेछ ।

| | |
|---|---|
| (क) अस्पताल सञ्चालक समिति संयोजक | -संयोजक |
| (ख) चिकित्सक | -सदस्य |
| (ग)अस्पताल फार्मेसी प्रमुख | -सदस्य-सचिव |

(२) उपदफा (१) बमोजिमको समितिको अन्य काम, कर्तव्य र अधिकार अस्पताल फार्मेसी तथा थेराप्युटिक समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

(३) उपदफा (१) बमोजिमको समितिको बैठक सञ्चालन सम्बन्धी कार्यविधि अस्पताल फार्मेसी सञ्चाक समिति आफैँले निर्धारण गरे बमोजिम हुनेछ ।

**७. फार्मेसी प्रमुखको काम, कर्तव्य र अधिकार:-**फार्मेसी प्रमुखको काम, कर्तव्य र अकार देहाय बमोजिम हुनेछ ।

(क) समितिका निर्णयहरु कार्यान्वयन गर्ने गराउने ।

(ख) समितिको बैठकका लागि प्रस्ताव तयार गरी पेश गर्ने ।

(ग) अस्पतालमा प्रयोग गर्ने औषधीको सूची तयार गर्ने गराउने ।

(घ) क्लिनिकल फार्मेसी सेवा प्रदान गर्न आवश्यक मिलाउने ।

(ङ) मातहतका मर्मचारीको सुपरिवेक्षण गर्ने ।

(च) नियमित मौजदात तथा म्याद सक्ने मिति नजिक भएका औषधिहरुको रुजु गरी बिक्रि व्यवस्थापन गर्ने गराउने ।

(छ) समितिले तोकेका अन्य कार्यहरु गर्ने ।

## परिच्छेद-४

## औषधी तथा औषधीजन्य सामाग्री र पदार्थ सम्बन्धी व्यवस्था

**८. औषधी तथा औषधीजन्य सामाग्री र पदार्थको खरिद प्रक्रिया:-** औषधी तथा औषधीजन्य सामाग्री र पदार्थ खरिद गर्दा सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४ र पौवादुङमा गाउँपालिकाको स्थानिय सार्वजनिक खरिद समिति, २०७७ बमोजिम प्रकृया अबलम्वन गरी गर्नु पर्नेछ ।

**९. औषधी तथा औषधीजन्य पदार्थको बिक्री मुल्य:-** औषधी र औषधीजन्य पदार्थको बिक्री मुल्य निर्धारण गर्दा यसको खरिद मुल्य तीस प्रतिशतमा नबढाई निर्धारण गरिनेछ ।

तर, यसरी बिक्री मुल्य निर्धारण गर्दा औषधीको अधिकतम खुद्रा मुल्य (Maximum Retail Price MRP) भन्दा बढी हनुहुदैन ।

**परिच्छेद-५**

**विविध**

**१०. अस्पताल फार्मेसीको लागि जनशक्तिः-** (१) अस्पतालको फार्मेसी सञ्चालनका लागि आवश्यक जनशक्तिको व्यवस्था गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिमको जनशक्तिको पद फार्मेसी सहायक (फार्मेसी विषयमा डिप्लोमा तह उत्तीर्ण) करार सेवा संख्या १ हुनुपर्नेछ। निजको छनौट नियुक्ती गाउँपालिकाले गर्नेछ। सोको व्यवस्था नभएसम्म अस्पतालले आफ्ना स्वास्थ्यकर्मी कर्मचारी मध्येबाट काम चलाउन जिम्मेवारी तोक्न सक्ने छ।

**११. अस्पताल फार्मेसीको भौतिक पूर्वाधारः** (१) अस्पतालले फार्मेसी सञ्चालनका लागि संघीय औषधी बिक्रि वितरण संहिता, २०७१ पालना हुने गरी आवश्यक औषधी वितरण कक्ष र भण्डारणको लागि पर्याप्त ठाउँको व्यवस्था गर्नुपर्नेछ।

(२) औषधी वितरण कक्ष ओस नलाग्ने सुर्यको प्रत्यक्ष प्रकाश नपर्ने र पर्याप्त भेण्टिलेसन भएको हनुपर्नेछ। औषधी/औषधीजन्य पदार्थको लेवलमा तोकिएको सञ्चय तापक्रम अनुकूल भण्डारण गर्नुपर्नेछ।

(३) फार्मेसी सञ्चालन गर्ने ठाउँ सर्वसाधारणले सजिलै देख्ने हुनुपर्दछ र सम्भव भएसम्म अस्पतालको अगाडिको भागमा हुनुपर्छ। आवश्यकता अनुसार अस्पतालमा एकभन्दा बढी फार्मेसी सञ्चालन गर्न सकिनेछ।

(४) विरामीलाई परामर्श दिने उपयुक्त व्यवस्थाको ठाउँ रहनुपर्नेछ।

(५) बिक्री वितरणका लागि अनुपयुक्त वा फर्काउन पर्न वा म्याद गुज्रेका वा नष्ट गर्नुपर्ने औषधि तथा औषधीजन्य सामाग्री, असम्बन्धित व्यक्तिको पहुँच नहुने गरी सुरक्षित राख्ने ठाउँ छुट्टै भण्डारणको व्यवस्थाप मिलाउनुपर्नेछ।

(६) औषधि पूर्जा लिने, डिस्पेन्स गर्ने र भुक्तानी लिने व्यक्ति र ठाउँको उपयुक्त व्यवस्था हुनुपर्नेछ।

(७) औषधी तथा औषधिजन्य सामानको मौज्दात तथा खपत अभिलेख, विजकीकरण, औषधीको सूचना, लेवल औषधि सम्बन्धी समस्याहरुको जानकारी आदि संलग्न भएको उपयुक्त सफ्टवेयर सहितको कम्प्युटरको माध्यमबाट गर्नुपर्नेछ।

(८) नेपाल सरकारबाट प्रदान प्रदान गरिने निःशुल्क औषधीहरु र औषधीजन्य सामाग्रीहरुको सूची सबैले देख्न सक्ने गरी राख्नु पर्नेछ।

(९) अस्पताल फार्मेसी सञ्चालनका अन्य पक्ष औषधी विक्रि वितरण संहिता, २०७१ र स्वास्थ्य संस्था स्थापना, सञ्चालन र स्तरोन्नती सम्बन्धी मापदण्ड निर्देशिका, २०७० बमोजिम हुनेछ।

(१०) अस्पतालहरुबाट निःशुल्क प्रदान गर्ने औषधीहरु र सो बाहेकका औषधीहरु स्पष्ट छुट्टिने गरी फार्मेसीमा राख्नुपर्नेछ।

(११) अस्पताल परिसरमा औषधीको व्यापारिक प्रवर्द्धन सम्बन्धी कुनैपनि क्रियाकलाप गर्न पाइनेछैन।

तर, औषधीको वैज्ञानिक प्रस्तुति गर्नुपर्दा सामुहिक सहभागिता हुने गरी सभा सम्मेलनको रुपमा समितिको स्वीकृतिमा सञ्चालन गर्न बाधा पुग्ने छैन।

**१२. विउ रकम (Seed Money) उपलब्ध गराउनेः-** (१) गाउँपालिकाले अस्पताल फार्मेसी सञ्चालनका लागि विउ रकम (Seed Money) उपलब्ध गराउन सक्नेछ।

(२) गाउँपालिकाले आवश्यक देखेमा उपदफा (१) बमोजिमको रकम अनुदानको रुपमा परिणत गर्न सक्नेछ।

**१३. निःशुल्क बितरण गरिने औषधी सम्बन्धमाः-** (१) नेपाल सरकारबाट निःशुल्क बितरण गर्न भनी तोकिएका औषधी अस्पताल फार्मेसीले गाउँपालिका स्वास्थ्य शाखाले उपलब्ध गराए अनुसार निःशुल्क उपलब्ध गराउनुपर्नेछ।

**१४. आर्थिक व्यवस्थापनः-** (१) अस्पताल फार्मेसीको अलग्गै बैंक खाता हुनेछ।

(२) उपदफा (१) बमोजिमको खाताको सञ्चालन अस्पताल प्रमुख र फार्मेसी प्रमुखको संयुक्त दस्तखतमा सञ्चालन हुनेछ।

(३) उपदफा (१) बमोजिमको खातामा देहायको रकम जम्मा हुनेछनः-

(क) संघीय /प्रदेश मन्त्रालयबाट प्राप्त रकम,

(ख) दैनिक बिक्रीबाट प्राप्त रकम,

(ग) स्थानीय निकायबाट प्राप्त रकम,

(घ) बीमा साझेदारी गरीएकोमा सोको सोधभर्ना स्वरुप प्राप्त हुने रकम,

(ङ) चन्दा पुरस्कार

(४) फार्मेसी सञ्चालन समितिको सिफारिश र समितिको निर्णय बिना उपदफा (१) बमोजिमको खातामा रहेको रकम अन्य प्रयोजनमा खर्च गरिनेछैन।

(५) प्रत्येक दिनको कारोबार रकम सोही दिन अथवा भोलीपल्टको मध्यान्ह सम्ममा बैंक दाखिला गरिसक्नुपर्नेछ।

(६) फार्मेसीमा काम गर्ने करारका कर्मचारीको तलब भत्ता लागयतका खर्च उपदफा (१) बमोजिमको खाताबाट मात्र ब्यहोरिनेछ।

**१५. आयव्यायको हिसाबः-** (१) प्रत्येक आर्थिक वर्ष समाप्त भएको एक महिनाभित्र फार्मेसीको आयव्यायको हिसाब गरिनेछ।

(२) आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र गाउँपालिको आन्तरिक लेखा परिक्षण गराई सक्नुपर्नेछ।

(३) अस्पताल फार्मेसीको लेखा परीक्षण महालेखा परीक्षकको कार्यालयबाट हुनेछ।

(४) प्रत्येक आर्थिक वर्षको अन्तमा फार्मेसीमा खरिद भएको अद्यावधिक परिमाण, बिक्री भएको परिमाण तथा बाँकी परिमाणको सन्तुलन परीक्षण (Balance) तयार गर्नुपर्नेछ।

**१६. ब्राण्ड तोकी सिफारिस गर्न नहुनेः-** विशेष औचित्य भएमा बाहेक बिरामीलाई खास ब्राण्ड तोकी सिफारिस गर्न हुदैन।

**१७. अनुगमन तथा मुल्यांकन गरी प्रतिवेदन पठाउनुपर्नेः-** अस्पतालमा फार्मेसी सञ्चालनको अवस्था एवं उक्त सेवालाई प्रभावकारी रुपमा सञ्चालन गर्नका लागि गाउँपालिकाको सामाजिक विकास समितिले कम्तिमा महिनाको एक पटक अनुगमन गरी गराई त्रैमासिक प्रतिवेदन गाउँ कार्यपालिकाको बैठकमा पेश गर्ने व्यवस्था गर्नुपर्छ।

**१८. अस्पताल फर्मुलरी सम्बन्धी व्यवस्थाः-** अस्पतालले अस्पताल फर्मुलरीमा देहाय बमोजिमको व्यवस्था मिलाउनुपर्नेछ।

(क) रोगिहरुको रोगको प्रकृति अनुसार अस्पतालका लागि आवश्यक पर्ने औषधी तथा औषधीजन्य सामाग्री तथा पदार्थहरु र औषधीको डोसेज फर्मको सूची अस्पताल फर्मुलरी अद्यावधिक गरि राख्नु पर्ने।

(ख) अस्पताल फर्मुलरीमा न्यूनतम जानकारीका रुपमा औषधीको सूची, औषधीको मात्रा, बनावट र क्षमता (Dosage Form and Strength) साथै सञ्चय सम्बन्धी निर्देशन हुनुपर्दछ। थप जानकारीका रुपमा औषधीको प्रयोग गर्न सकिने वा नसकिने अवस्था (Indication or Contraindication), औषधीको नकारात्मक प्रभाव, औषधी सेवन गर्दा अपनाउनुपर्ने सावधानी, औषधीको तुलनात्मक मुल्य आदि विवरण समावेश गर्नुपर्ने।

(ग) अस्पताल फर्मुलरी तयार नभएसम्म औषधी तथा औषधीजन्य सामाग्री र पदार्थकी सूची तयार गरी कार्य गर्नुपर्नेछ।

(घ) अस्पताल फर्मुलरीमा अत्यावश्यक औषधीको राष्ट्रिय सूचीमा समावेश भएका औषधीहरुलाई प्राथमिकता दिनुपर्ने।

**१९. निजी अस्पताल सम्बन्धी विशेष व्यवस्थाः-** (१) गाउँपालिको स्वीकृतिप्राप्त गरी सञ्चालनमा रहेका निजी, सहकारी, सामुदायिक, शिक्षण लगायतका गैरसरकारी क्षेत्रमा अस्पतालहरुले पनि अनिवार्य रुपमा यस निर्देशिका बमोजिम अफ्नै फार्मेसी सेवा सञ्चालन गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिमको अस्पतालको हकमा बिरामीहरुलाई प्रचलित मापदण्डका आधारमा अस्पतालमा आउने कुल बिरामी संख्याको दश प्रतिशत अति गरिब र असहाय बिरामीलाई निःशुल्क औषधीसहितको उपचार उपलब्ध गराउनु पर्नेछ।

**२०. फार्मेसी सञ्चालन सम्बन्धी सफ्टवेयरः-** प्रत्येक अस्पताल फार्मेसीले शाखाले तोके बमोजिमको एक रुपता कायम हुने सफ्टवेयरको प्रयोग गर्नुपर्नेछ। यस्तो सफ्टवेयरमा एण्टीमाइक्रोवियल एवं लागु औषधीको विवेकपूर्ण प्रयोग र अभिलेखीकरण समेत सुनिश्चित गरिनेछ।

**२१. निर्देशन दिन सक्नेः-** यस निर्देशिकामा उल्लेख गरिएका बाहेक सबै अस्पतालहरुलाई गाउँपालिकाले समयसापेक्ष फार्मेसी सञ्चालन सम्बन्धी विषयमा आवश्यक निर्देशन दिन सक्नेछ र सो निर्देशन पालन गर्नु सम्बन्धित अस्पतालको कर्तव्य हुनेछ।

**२२. प्रचलित कानुन बमोजिम हुनेः-** यस निर्देशिकामा उल्लेख नभएका विषयमा प्रचलित कानुनमा लेखिए बमोजिम हुनेछ।

**राजपत्रमा प्रकाशन भएको मितिः- संवत् २०७८ साल आश्विन ०७ रोज १२**

**आज्ञाले**

रमेश राई

प्रमुख प्रशासकीय अधिकृत